## राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारका जुनाफमा

## कतारमा रहेका नेपालीहरुको तर्फबाट भक्तिपूर्वक चढाईएको

# अभिनन्दन-पत्र

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार,

सरकारबाट कतारको भ्रमण गरिबक्सेको यस सुखद अवसरमा राष्ट्रिय एकताको प्रतीक सरकारको जुनाफमा हामी कतारमा रही आएका विभिन्न पेशा तथा व्यवसायमा कार्यरत नेपालीहरुको तर्फबाट अभिनन्दन चढाउन पाउंदा हामी सवै गर्वको अनुभुति गरिरहेका छौं, सरकार !

प्रजावत्सल सरकार,

नेपाल र नेपालीको भाग्य निर्माणमा सदा चिन्तित रहिवक्सने सरकार सवै नेपालीहरुको लागि संरक्षक र पथ प्रदर्शक होईवक्सन्छ । नेपालमा राजा र जनता बीचको सम्वन्ध अपूर्व र विशेष रहिआएको छ । यसलाई पुनः परिभाषित गरिरहनु आवश्यक छैन । नेपालको एकिकरण अभियान देखि लिएर आधुनिक नेपालको निर्माणसम्म सरकारका पूर्वजहरुवाट भएका अद्वितीय योगदान सर्वविदितै छ । नेपालको राजमुकुट नेपालीहरुको आत्मसम्मान, एकता र राष्ट्रियताको प्रतीकको रुपमा रहेको छ । देशवासीहरुको राजमुकुटप्रति अगाध श्रद्धा, आस्था र सम्मान रहिआएको छ । प्रजावत्सल र प्रजातन्त्रवादी सरकारवाट मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्म नेपालीहरुको घरघर र छाप्रो छाप्रोमा पुगिबक्सी नेपालीको दुःख सुखलाई हृदयंगम गरिवक्सेको छ । खासगरी जनताको दुःखमा सहभागी हुने शान्तिप्रिय सरकारलाई नेपालीहरुले इतिहासको धरोहरको रुपमा मात्र हैन भविष्यद्रष्टाको रुपमा, व्यवस्थापकको रुपमा तथा राजनेताको रुपमा पनि पाएका छन् । यसैले सरकारको बरद नेतृत्वमा नेपाल र नेपालीको शीर, स्वाभिमान र गर्वले सदैव माथी उठिरहने छ भन्ने विश्वास लिएका छौ ।

शान्तिवादी, प्रजातन्त्रवादी सरकार,

विगत केही वर्ष देखि नेपालमा शान्ति सुरक्षामा अवरोध आएको छ । राजनैतिक सिद्धान्तको नाममा दाजुभाइ बीच आन्तरिक लडाई हुनु र पिता पुर्खाले आर्जन गरेको नेपाल

र नेपालीको सामाजिक, सांस्कृतिक तथा विकासका धरोहरहरु भत्काउनु, सभ्य मानव समाजको लागि सुहाउने कुरा होइन । कसैको लहड र बितन्डतावाट ल्याएको अशान्तिले मुलुक आज छटपटि रहेको छ  सरकार । यसैले नेपाली जनता अशान्तिवाट मुक्ति खोजिरहेको छ । सारा नेपालीको आशा केन्द्र शान्तिप्रिय प्रजावत्सल सरकार नै रहिबक्सेको छ । नेपालका गाउं, बेसी, पहाड, पर्वत बेदनाले छटपटिएको समयमा सरकारबाट नेपाल राष्ट्रलाई साहशिलो एवम् बुद्धिमत्तापूर्ण नेतृत्व गरिवक्सेको छ । राष्ट्र र राष्ट्रियताका प्रतीक राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको कांधमा मुलुकमा शान्ति बहाली गर्ने तथा सामाजिक तथा आर्थिक समुन्नतिको जिम्मा आई परेको हामीले महशुस गरेका छौं, सरकार । सरकारको हालको प्रयासहरुमा नेपालीले फेरी शान्तिको उज्यालो देख्न थालेको छ । देशमा शान्ति र समुन्नतिका दिनहरु देख्न पाईयोस र चीरकालसम्म नेपालीले राजमुकुट, राजतन्त्र र राजाको जय जयकार गर्न पाईयोस भन्ने हामी चाहन्छौ ।

विकासप्रेमी सरकार,

आन्तरिक संघर्षले गर्दा मुलुकको विकासको गति रोकिन गएको छ । गांस, वास र सुरक्षाको खोजिमा हजारौं नेपाली विदेशी भूमीमा विस्थापित भएका छन् । वालवालिकाहरु शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत सुविधाहरुवाट बन्चित भएका छन् । कलम समात्नु पर्ने हातहरुमा बन्दुर भिडाईएको छ । आफ्नो मुलुक भन्दा टाढा यस खाडी राष्ट्रमा आएर आ-आफ्नो जीविका चलाईरहेका हामी नेपालीहरु मातृभूमी नेपालमा फुटेका बारुदका गोला र बन्दुकको आवाजले धेरै मर्माहत भएका छौ । सरकारको बरद नेतृत्वमा देशमा शान्ति स्थापना भई मुलुक पुनः विकासको पथमा अग्रसर हुने छ भन्ने विश्वास लिएका छौं, सरकार !

साहित्यानुरागी सरकार,

सरकारको कवि दिलवाट श्रृजित गीतका भावहरुवाट प्रत्येक नेपालीलाई नेपाली हुनुको गर्वानुभुति गराउंछ र राष्ट्र प्रति समर्पित हुन सदा प्रेरित गर्दछ । नेपालको भीर, पाखा, सहर र बस्तीहरुदेखि नेपालीहरु बसोबास गरेका विदेशी भूमीसम्म सबै नेपालीले सरकारको निम्न पंक्तीहरुलाई हृदयंगम गरी आ-आफ्नो आचरण सुव्यबस्थित गर्ने छन् भन्ने विश्वास लिएका छौं, सरकार !

“बांच्नु नै छ यदी भने, बांच नेपाली भई

बोल्नु नै छ यदी भने, बोल नेपाली नै

आमाको नै गर यदी गर्ने भए याद

भएकोमा नेपाली भई बांच गर्व साथ”

यस्तो साहित्यानुरागी सरकारलाई आफ्नो सामिप्यमा पाउंदा आज कतारमा रहेका र जीविकाको खोजीमा प्रवासिएका हामी सबै नेपाली गौरवान्वित भएका छौ, सरकार !

राष्ट्रनायक सरकार,

सरकारको जुनाफमा कतारमा रहेका नेपालीहरुको तर्फबाट अभिनन्दन गर्न स्विकृति दिईबक्सेकोमा सरकारमा सभक्ति कृतज्ञता जाहेर गर्दछौ, सरकार । साथै सरकारको सुस्वास्थ्य, दीर्घायु, समुन्नति तथा प्रगतिको कामना गर्दछौं । सरकारको सुयस, कीर्ति र बीरता युगयुग सम्म चम्की रहोस् भनी कामना गर्दछौ । सरकारको बरद बाहुलीमा कतारमा रहेका सबै नेपालीहरुको तर्फबाट यो हार्दिक मंगलमय अभिनन्दन-पत्र सभक्तिपूर्वक चढाउंदछु सरकार । जो हुकुम ।

श्री ५ महाराजाधिराज सरकारको जय होस ।

कतारमा रहेका नेपालीहरुको तर्फबाट अर्पण गर्ने

डा. देवकाजी डंगोल

अभिनन्द चढाउने संघसंस्थाहरु

१. नेपाल सहयोग समाज

२. श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठान, कतार च्याप्टर

३. नेपाली सांस्कृतिक केन्द्र

४. गैरआवासीय नेपाली समन्वय समिति, कतार

५. खोटाङ युवा सेवा समाज

६. मेची-काली साहित्य संगम

७. मकवानपुरे सहयोगी समाज

८. सप्तरी सेवा समाज

९. संखुवासभा समाज

१०. गोरखा गैरआवासीय संघ
११. खोटाङ चेतना समाज
१२. किरात राई याक्खा
१३. तमु बुद्ध सेवा समिति, कतार
१४. चितवन युवा समुह
१५. नेपाल ईन्जिनियर्स एशोसीयसन
१६. सिरहा सहयोग समाज
१७. सर्लाही कल्याण समाज
१८. प्रवासी मगर सेवा समाज
१९. गैरआवासीय तामाङ समाज, कतार